जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १ २०८० साल साउन १ गते सोमबार (17 July 2023 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : इतिहास र पहिचानको खोजीमा... ३ पृष्ठमा : जयनगर-भङ्गाह रेल ... ३ पृष्ठमा :बङ्गलादेशमा एघार हजारभन्दा ...

# दुई महिनामै सहुलियत दरको जनस्वास्थ्य प्रयोगशालामा आकर्षण घट्दै

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

राजविराज जनस्वाथ्य प्रयोगशाल बिहानैदेखी खुल्ने भनिएपनि हाल कार्यालय समय १० बजे खुल्ने र ५ बजे बन्द हुने गरेको छ ।

नगरवासीलाई सहुलियत दरमा थोरै शूल्क मात्र लिएर रगत परिक्षण गर्ने उदेश्यका साथ मधेश प्रदेश सरकार र राजविराज नगरपालिकाद्वारा संयुक्त लगानी र सहकार्यमा गत जेठ १ गते यो प्रयोगशाला संचालनमा ल्याइएको हो ।

प्रयोगशालाको उद्घाटन गर्दै राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परविनले स्वास्थ्य उपचार सबैका लागी सहज र छिटो छरितो बन्न सकोस भन्ने उदेश्यका साथ यो प्रयोगशाला स्थापना गरिएको र यो विशेष सहुलियत दिएर संचालनमा ल्याइएको बताइएकी थिइन । तर यस्तो हुन न सकेको सेवा लिन आउने विरामीहरुको गुनासो छ ।

स्थानिय राम किसुन साह विगत ३ दिन देखि बिहान ७ बजे प्रयोगशाला आउने गरेका छन् तर उनी निराश भई फर्किने गरेका छन । ७० वर्षिय साह खाली पेटमा रगत जचाउनु पर्ने भएपनि विहान अबेर सम्म प्रयोगशाला नखुल्दा निराश भई फर्कनु परेको हो । यस्तो समस्या प्रयोगशला नजिकै घर भएका सुखराम मंडलको पनि छ ।




मंडलले रगत जचाउँन विहान विहानै धाउँदा पनि प्रयोगशालको ढोका बन्द देखेपछि जाँच गराउन नपाई फर्किनु परेको गुनासो पोखे । प्रयोगशालामा गरिब, असहाय तथा विपन्न समुदायका विरामीलाई स्वास्थ्य जाँचमा सहुलियत पुग्ने जुन विश्वास गरिएको थियो, त्यो अनुसारको व्यवस्था नभएको बताए ।

प्रयोगशालामा जेष्ठ नागरिकका लागी सबै प्रकारका जाँचमा ७५ प्रतिशत सम्मको छुटको व्यवस्था गरिएको छ । डेंगु, मलेरिया र एच आई भी एडसको निःशुल्क परिक्षण गरिनुका साथै बिभिन्न ६२ प्रकारका रोगहरुको यहाँ परिक्षण हुने व्यवस्था मिलाइएको छ ।

प्रयोगशालामा न्युनतम २५ रुपैया देखि अधिकतम ३ सय रुपैया सम्म सर्वसाधारणका लागी शुल्क निर्धारण गरिएको छ । ग्यास्ट्रिक, साइटिस, एच सायोलोरी, लिक्यु डको प्रोफाईल र आर एफटी जाँचको ३ सय रुपैया शुल्क निर्धारण गरिएको छ ।

दिसा, पिसाब, आरवीसी, मधुमेह लगायतको जाँच शुल्क २५ रुपैया मात्र तोकिएको प्रयोगशालाकी इर्न्चाज नितु देवको भनाई छ । तर नगरपालकाको समय तालिका अनुसार संचालन हुने भएकाले विहानका समयमा आउने विरामीको परिक्षणमा कठिनाई हुने गरेको उनको कथन छ । उनले २ जना स्वाथ्यकर्मी मात्र रहदा पनि विहानको सेवा दिन कठिनाई भएको बताइन ।

१० बजे पछि मात्र प्रयोगशाला खुल्ने भएका कारण विहान खाली पेटमा जाँच गर्नु पर्ने रगतको जाँच हुन न सकेको मधुमेहका रोगीहरुको गुनासो छ । शुक्रवार आधा दिन मात्र सेवा दिने र शनिवार पुर्णरुपमा बन्द रहनाले त झन सेवा प्रभावकारी बन्न सकेको छैन ।

# ग्यास लिक भएर आगलागि हुँदा लाखौंको धनमाल जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

खाना पकाउने क्रममा अचानक ग्यास लिक भई आगलागि हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ ।

सप्तरीको बिष्णुपुर गाउपालिका १ परसाईमा शनिबार स्थानिय जयनारायण यादवको घरमा खाना पकाउने क्रममा ग्यास लिक भई आगलागि हुँदा उक्त मूल्य बराबरको धनमाल जलेर नष्ट भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आगलागिबाट जयनारायण यादवको एक तल्ले घर र घर भित्र रहेका नगद २० हजार, सुन चाँदी, लताकपडा, फर्निचर, भाडाबर्तन, अन्नपात गरि ५ लाख मुल्य बराबरको क्षति भएको हो ।

यस्तै सोही आगलागिका कारण छिमेकी देवनारायण यादवको घर र घर भित्र रहेको लताकपडा, फर्निचर, भाडाबर्तन, अन्नपात गरि २ लाख मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगोलाई राजबिराज नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानियको सहयोगमा नियन्त्रणमा लिइएको प्रहरी प्रवक्ता एवं डिएसपी नरेश कुमार सिंहले जनाएका छन् ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिले आइतबार मध्यरातिबाट लागू हुने गरी मूल्य घटाउने निर्णय गरेको हो ।

निगमका अनुसार यसपटक पेट्रोल, डिजेल, मट्टितेल र खाना पकाउने एलपी ग्याँसको मूल्य घटेको छ । पेट्रोल लिटरमा ६ रुपैयाँ, डिजेल र मटीतेलमा समान ४/४ रुपैयाँ मूल्य घट्ने छ भने ग्याँसमा प्रतिसिलिण्डर १० रुपैयाँ घट्नेछ ।

काठमाडौं उपत्यकासहितका क्षेत्रमा पेट्रोल लिटरको १६४ रुपैयाँ पर्नेछ । तराईका जिल्लाहरुमा १६१ रुपैयाँ ५० पैसा र भित्री मधेशमा १६३ रुपैयाँ पर्नेछ ।

डिजेल र मटीतेल उपत्यकामा लिटरको १४६ रुपैयाँ, तराईका जिल्लाहरुमा १४३ रुपैयाँ ५० पैसा र भित्री मधेसमा १४५ रुपैयाँ पर्नेछ ।

एलपी ग्याँसको प्रतिसिलिण्डर मूल्य १८०० रुपैयाँबाट घटेर १७९० रुपैयाँ कायम भएको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १५ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०८० श्रावण १२ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजबिराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

विगत २५ वर्षदेखी उत्कृष्ट नतिजा ल्याउन सफल
जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराजमा

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खूल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**
**P-JTA बाली विज्ञान १८ महिने**

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०८०/३/२९ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८०/४/१२
प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते दिउँसो १ बजे

जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### हामी ३३ औं बसन्तमा

समय चक्रको क्रममा हामी आजदेखी ३३ औं बसन्तमा प्रवेश गरेका छौं । विभिन्न बाधा अवरोधका बीच राजविराज दैनिक प्रकाशनको ३२ औं वर्ष पुरा गरि ३३ औं वर्षमा प्रवेश गरेको हो । तीन दशक भन्दा बढी समयदेखी निरन्तर रुपमा प्रकाशित भइरहेको यस पत्रिकाले समय अनुकुल आफूलाई समेत परिवर्तन गर्दै गएको छ । सत्यतथ्य समाचार सम्प्रेशन गर्ने जमर्कोका साथ लागिपरेका हामी देश विदेशमा रहेका आफ्ना पाठकहरुका लागि ई-पेपरको व्यवस्था मिलाएर जिल्लाकै पहिलो बनेको छ ।

वर्तमान समयमा सप्तरीमा यस पत्रिका पाठक माझ लोकप्रिय पत्रिकाको स्थान ओगटन तथा अहिलेको संचारमाध्यमहरुको प्रतिस्पर्धात्मक यूगमा जिल्लामा आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल भएको छ । प्रेस काउन्सील नेपालले गर्दै आएको पत्रपत्रिका वर्गिकरणमा लगातार सात वर्षदेखी "क" वर्गमा पर्न सफल पनि भएको छ । यसका लागि विशेष रुपमा ग्राहक, शुभेच्छुक तथा विज्ञापनदाताको समर्थन रहेको छ ।

आगामी दिनहरुमा पत्रिकाले पत्रकारिता आचार संहिताभित्र रहेर सथ्यतथ्य समाचार सम्प्रेशनका लागि कटिबद्ध रहेको छ । अन्तमा तीन दशक लामो समयदेखी निरन्तरता जनाउनमा विशेष सहयोग र माया गर्ने सबैप्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछौं ।

# इतिहास र पहिचानको खोजीमा मधेस प्रदेश

**टीकाराम सुनार**

जनकपुरधाम, ३१ असार (रासस) ।

देशका सात प्रदेशमध्ये 'मधेस प्रदेश' मात्रै पहिचानको आधारमा नामकरण गर्न सफल भएको मधेसवादीहरुले दाबी गर्दै आएका छन् । पहिचानको आधारमा नामकरण गरिए पनि मधेस प्रदेशसँग आफ्नै नाम र इतिहासबारे भने कुनै प्रमाणिक दस्तावेज छैन ।

मधेस इतिहास र राजनीतिका जानकारहरु विगतमा राज्यले नै मधेसलाई अस्वीकार गरेका कारण कुनै आधिकारिक दस्तावेज नभएको बताउँछन् । त्यस्तो बताउनेमध्ये एक हुनुहुन्छ मधेश आन्दोलनका अगुवा एवं जनता समाजवादी पार्टी (जसपा) अध्यक्ष उपेन्द्र यादव ।

यादव मधेसको पहिचान बनाउने भन्दा पनि त्यसलाई भेट्नका लागि तत्कालीन संस्थापन पक्ष (सत्ता) ले भूमिका खेलेको बताउनुहुन्छ । तत्कालीन समयमा राजा, महाराजाका कथा, कहानीलाई नै नागरिकको संस्कृति र पहिचान मान्ने प्रवृत्तिले ऐतिहासिक महत्व बोकेका क्षेत्र तथा नागरिकको पहिचानका विषय ओझेलमा परेको उहाँको बुझाइ छ ।

नेपालभन्दा मिथिला क्षेत्रको इतिहास धेरै पुरानो भए पनि नेपालको राजनीतिक सीमाङ्कनपछि त्यसलाई कमजोर बनाउन लाग्नु दुर्भाग्यपूर्ण भएको यादवको भनाइ छ । उहाँ भन्नुहुन्छ, "नेपालको भन्दा पुरानो इतिहास मिथिलाको हो तर राष्ट्रियता र राष्ट्रवादी बन्ने नाममा मधेशको इतिहास, परम्परा, यहाँका जनता र गौरवपूर्ण सभ्यता ओझेलमा पार्ने काम भयो । त्यसैको प्रतिरोधमा जन्मिएको मधेस विद्रोहपछि केही सकारात्मक सन्देश दिन सकिए पनि उत्पीडनको शृङ्खला सकिएको छैन ।"

भाषा आयोगका अध्यक्ष डा गोपाल ठाकुर पनि तत्कालीन राज्यसत्ताले मधेसका विषयमा विमति राखे पनि यो भूमिले ओगटेका २२ जिल्ला र यहाँको सामाजिक जीवन र त्यससँग जोडिएका विविध पक्षहरु अस्वीकार गर्न सकिने ठाउँ छैन भन्नुहुन्छ । विगतमा 'एक भाषा, एक देश' को नीति लिएका कारण असमानताको खाडल बढेको र त्यसको मारमा सबैभन्दा बढी मधेसीहरु परेको उहाँले बताउनुभयो । "भाषा बाल्ने र लेख्ने माध्यम मात्रै होइन यो त राज्यले दिएका अवसरहरुसम्म पुग्ने आधार पनि हो तर राज्यको 'एक देश, एक भाषा' नीतिले मधेसीहरु वर्षौं वर्ष राज्यले प्रदान गर्ने सेवा र अवसरबाट बञ्चित हुनुपर्‍यो", डा ठाकुर भन्नुहुन्छ, "अब त्यो सबै कुराको दस्तावेजीकरण गरिनुपर्छ र आफ्नो भाषा आफ्नो पहिचानको संरक्षण गरिनुपर्छ । भोलिको पुस्तालाई हिजोदेखि आजसम्मको यथार्थ भन्नुपर्छ ।"

उहाँले इतिहास भनेको मुख्यरुपमा राजनीतिक चरण नै भए पनि त्यसले भाषिक, सांस्कृतिक, साहित्यिक, कला, जातजाति, रहनसहन र अर्थतन्त्रको अवस्था पनि क्रमबद्धरुपमा उठान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "इतिहास त राज्यसत्ताले लेख्ने हो तर हिजो मधेस नै नस्वीकार्ने राज्यले यहाँको इतिहास कसरी लेख्थ्यो ? अहिले त राज्यले पनि मधेस स्वीकार गरिसकेको छ । त्यसैले सबै पक्षलाई ध्यानमा राखी मधेश के हो ? त्यसको पौराणिक, प्रागऐतिहासिक र ऐतिहासिक सन्दर्भसहित समग्रतामा यहाँको इतिहास लेख्न जरुरी छ", ठाकुरले भन्नुभयो ।

मधेस मामिलाका जानकार एवं पूर्वराजदूत विजयकान्त कर्ण पनि 'एक भाषा एक भेष, एक राजा एक देश' को भाष्य निर्माण गर्न अङ्गीकार गरिएको गलत नीतिका कारण मधेशको पहिचान अतिक्रमणमा परेको बताउनुहुन्छ । "मधेस बहुजातीय, बहुभाषिक, बहुधार्मिक स्थल र बहुसांस्कृतिक पक्षहरु मिलेर बनेको पहिचान पनि हो", कर्णले भन्नुभयो, "हिजो जे भए पनि अब त्यो विशिष्टतालाई ध्यान दिँदै मधेशको उत्पत्ति, भूगोल, लोक साहित्य र संस्कृति, जातजाति र भाषाभाषी तथा जीवनशैलीको खोज अनुसन्धान एवं एकीकृत दस्तावेज बनाउन ढिला गर्नु हुँदैन ।"

मधेसको पहिचानकै लडाईंमा धेरै समय बिताउनुभएका वरिष्ठ पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी राजेश्वर नेपालीले त राष्ट्रियताको नाममा मधेसीमाथि गरिएको उत्पीडनले यहाँको मौलिकता एवं सभ्यता नै लोप हुने अवस्थामा पुगेको बताउँदै आउनुभएको छ । "मैले धोती, कुर्ता लगाएको, हिन्दी बोलेको र म नेपाली र मधेसी दुवै हुँ भनेर लेखेको र बोलेकै भरमा जेलनेल भोगे । पटकपटक थुनिए र यातना खेपे", यहाँ भन्नुहुन्छ, "आजको नेपाल रहन मधेसीले नै सीमामा बर्दीविनाका सिपाहीसरह काम गरेको राज्यले देखेन । बरु देशभित्रै सौतेनी व्यवहार गर्‍यो ।"

त्रिभुवन विश्वविद्यालय हिन्दी विभागमा प्राध्यापनरत विनोदकुमार विश्वकर्माले मधेस आफैँमा एक ऐतिहासक धार्मिक भूमि र जातीय हिसाबले बहुपहिचानयुक्त क्षेत्र भएकाले त्यसलाई पनि इतिहासमा समेट्न जरुरी रहेको बताउनुभयो । "इतिहास सधैँ सर्वस्वीकार्य हुन्छ भन्ने हुँदैन । आलोचनात्मक इतिहास पनि हुन्छ र त्यसलाई समयक्रममा तथ्य र तर्कका आधारमा सुधार्न सकिन्छ", विश्वकर्माले भन्नुभयो, "मधेसी समाजमा सदियौँदेखि उत्पीडनमा परेका दलित, महिला तथा सीमान्तकृत वर्गको योगदान, अवस्था र पहिचानका विषयहरुलाई पनि इतिहासको महत्वपूर्ण पाटो बनाउनसक्नु पर्छ ।"

इतिहासका जानकार विक्रममणि त्रिपाठी हिजोका दिनमा नेपालको राष्ट्रिय छवि र राष्ट्रियता मजबुत बनाउने नाममा मधेशको चिनारीलाई कमजोर बनाइएको बताउनुहुन्छ । आफ्नो पहिचानको कुरा गर्दै मधेसमा राजनीतिक अधिकार तथा भाषिक, सांस्कृतिक पहिचान स्थापित गर्न जनतामा आएको जागरण र मधेश विद्रोहबाट नयाँ दलहरुको उत्पति हुनु सुखद् भए पनि त्यसलाई सहीरुपमा प्रयोग गर्न जरुरी रहेको उहाँको धारणा छ । "भाषिक, सांस्कृतिक र यहाँको मौलिक इतिहास मेटाउने प्रयास राज्यबाटै भयो ।

नेपालमा चारकोसे झाडी थियो, जङ्गबहादुर राणाले त्यही झाडी फँडानी गरेर बस्ती बसाए, तराई क्षेत्रमा भारतीयहरुलाई ल्याएर बसाइयो भनी पाठ्यक्रममै राखेर कक्षा छ देखि पढाइयो । त्यसबाट तराईमा बस्नेहरु भारतीय हुन् भन्ने सन्देश दिइयो । पाठ्क्रमबाट त्यो कुरा हटाउन ठूलो लडाईं लड्नुपरेको छ", त्रिपाठी भन्नुहुन्छ, "अब लेखिने इतिहासमा कालखण्डगत रुपले हरेक पाटाहरुको खोजी गरिनुपर्छ । त्यसका लागि हामी सबैको सहयोग रहन्छ ।" उहाँ मधेसको इतिहास लेखन गर्दा राज्यसँग नभएका कतिपय सांस्कृतिक तथा अंग्रेजसँग जोडिएका विषयको जानकारी भारतीय पक्षबाट लिन सकिने बताउनुहुन्छ ।

भारतीय इतिहासकार अमरेशकान्त झा पनि राजनीतिक सीमाले अलग भए पनि भारत र सीमासँग जोडिएका नेपालीहरुको अधिकांश कुरा मिल्दोजुल्दो रहेकाले भारतमा लेखिएका कुनै दस्तावेज वा विषयलाई पनि सन्दर्भका रुपमा लिन सकिने बताउनुहुन्छ । "मागर्दशनका रुपमा केही आधार त लिइएला, त्यसलाई पुष्टि गर्ने क्रममा नेपालभित्रै आधिकारिक दस्तावेज भेटिन वा नभेटिन पनि सक्छ । कतिपय विषयहरु भारतसँगको सांस्कृतिक सम्बन्धका आधारमा पनि भेटिन सक्छन्", झा भन्नुहुन्छ, "केही नभेटिए लोकआस्था, लोककथन, लोकगाथा र मौखिकरुपमा व्यक्त महत्वपूर्ण कुराहरुलाई पनि आधार मान्न सकिन्छ । हामी भारतीय पक्षबाट आवश्यक सहयोगका लागि तयार छौं ।"

मधेस प्रज्ञा-प्रतिष्ठानका अध्यक्ष रामभरोश कापडीले मधेशको भूगोल र पहिचानलाई अनुसन्धानमूलक कृतिको माध्यमले प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसम्म पुर्‍याउने लक्ष्यअनुरुप प्रतिष्ठानले इतिहास लेखनको विषय अगाडि बढाइसकेको जानकारी दिनुभयो । "मधेसको आधिकारिक इतिहास खोज्दा कतै भेटिंदैन । राज्यसँग यो भूगोलको उत्पत्ति, लोकसाहित्य, संस्कृति, जीवन पद्धतिको एकीकृत दस्तावेज रहेन छ", उहाँले भन्नुभयो,"त्यसैको खोजीका लागि प्रतिष्ठानले संवाद सुरु गरेको छ । आगामी आर्थिक वर्षदेखि त्यसलाई मूर्तरुप दिन थप क्रियाकलापहरु अगाडि बढाउँछौं । त्यसमा सङ्घीय सरकार, प्रदेश सरकार, बौद्धिक जमात र अध्ययनशील समाजको पूर्ण सहयोग र समर्थन रहने विश्वास छ ।"

मधेसको इतिहास लेख्दा प्राचीन कोचिला, मिथिला, भोजपुरा, मगध, अवध र थरूहटका भाषा, संस्कृति, परम्परा र विभिन्न जातजातिको विकासक्रमका विषय समेट्नका लागि सबै क्षेत्रसँग बृहत् छलफल गरी अगाडि बढ्ने उहाँको प्रतिबद्धता छ ।

त्यसैगरी प्रतिष्ठानका सदस्य दिनेश यादवले राजनीतिकरुपमा मधेसले ठूलो लडाईं जिते पनि आफ्नो गुमेको पहिचान फर्काउन बाँकी रहेको बताउनुभयो । "जसको इतिहास हुँदैन उसको वर्तमान र भविष्य पनि हुँदैन भन्ने कुरामा हामी सबै एकमत छौं । त्यसर्थ मधेस बारेको फरकफरक विचारहरुलाई एकीकृत गरी यथार्थ विवरण खोज्नु र भन्नु हामी सबैको सरोकारको विषय हो । समय लाग्ला तर यो इतिहास लेखेर छोड्ने प्रतिज्ञा गरिसकेका छौं", उहाँले भन्नुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# जयनगर-भङ्गाह रेल सेवा विस्तार

महेन्द्रनगर (धनुषा), ३१ असार (रासस) । महोत्तरीको लोहरपट्टी नगरपालिका-४ खुट्टाका ५५ वर्षीय जोगी साहलाई आफ्नै जीवनकालमा फेरि रेल चलेको देख्न पाइएलाजस्तो लागेको थिएन । तर आइतबार आँखा अगाडि २१ वर्षपछि रेल चलेको देख्दा साहलाई अचम्म त लागेको थियो नै त्योभन्दा बढी खुसी सम्हालिनसक्नु थियो । "हल्ला त धेरै सुनेको थिएँ तर विश्वास लागेको थिएन । आज त आफ्नै आँखा अगाडि रेल चलेको हेर्न पाइयो, यो सपना हो कि विपना हो जस्तै लागिरहेको छ । त्यही रेल चढेर भङ्गाहदेखि जनकपुर पुग्दा त खुसीको सीमा नै छैन । कसरी व्यक्त गरुँ ?", साहले भन्नुभयो ।

उहाँका अनुसार २१ वर्षअघि जयनगरदेखि भङ्गाह विजलपुरासम्म रेल चलिरहेको थियो । त्यही रेलमा सो क्षेत्रका स्थानीयवासी जनकपुर र जयनगरसम्म यात्रा गर्थे तर रेल र रेल गुड्ने लिक तथा विगिही पुल भत्किएपछि सो सेवा अवरुद्ध भयो । "रेल बन्द भएपछि यतिका वर्षसम्म जनकपुर आउन पनि हामीलाई धेरै गाह्रो भएको थियो । जनकपुर पुग्न घन्टौं लाग्थ्यो । अब रेल सञ्चालन भएपछि ३० मिनेटमै जनकपुर आवतजावत गर्न सहज हुने भयो । त्यसैले हाम्रो क्षेत्रका नागरिक निकै हर्षित छौं", साहले राससससँग भन्नुभयो ।

त्यसैगरी भङ्गाहकै ६० वर्षीया बेचनी थरुनीले पनि जीवनको उत्तरार्धमा फेरि आफ्नै आँगनमा रेल देख्न पाएकामा खुसी व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "हो बौवा हमई नई लागल्छलकि अई उमर मे रेल देख पाइब, लेखिन आई अपने आँगनमे रेल देख्के बुझाइए कि हम् स्वर्ग देखरहल छि । आब बहुत जल्दी वही रेल चहड क जानकी मैया के दर्शन करबाक इच्छा अई (यो उमेरमा फेरि रेल हेर्न पाइला भनेर सपनामा पनि सोचेकी थिइनँ तर आज आफ्नै आँगनमा रेल हेर्न पाएकामा ज्यूँदै स्वर्ग देखेजस्तो लागिरहेको छ । अब त्यही रेल चढेर जानकी माताको दर्शन गर्न जनकपुर पुग्ने इच्छा छ) ।"

साह र थरुनी मात्रै होइन, भङ्गाहमा २१ वर्षपछि रेल देख्दा स्थानीयवासी निकै हर्षित छन् । त्यसैले आसपासका गाउँबाट समेत ट्र्याक्टर, मोटरसाइकल र निजी सवारीसाधनमा हजारौं मान्छे रेल हेर्न आएका थिए । त्यहीबीचमा सङ्घीय सरकारका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले झण्डा हल्लाएर रेललाई जनकपुरका लागि बिदाई गरेपछि स्थानीयवासीले पनि हात हल्लाएर खुसी व्यक्त गरे ।

त्यसअघि रेलसेवा शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ज्वालाले जयनगरदेखि जनकपुर कुर्थासम्म ३५ किलोमिटरमा रेल सञ्चालन हुँदै आएकामा अब थप १७ दशमलव तीन किलोमिटरसहित ५२ दशमलव तीन किलोमिटर लामो दूरीमा सेवा सञ्चालन हुन लागको बताउनुभयो । उहाँले गत जेठ १८ गते प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको उच्चस्तरीय भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र प्रधानमन्त्री दाहालले संयुक्तरूपमा यो खण्डको भुर्चअल उद्घाटन गर्नुभएअनुसार रेल सञ्चालन भएको बताउनुभयो ।

"हामी भारत सरकारको रु १२ अर्बको अनुदान लागतमा बनेको यो खण्डमा रेल सञ्चालन गर्दैछौं । त्यसका लागि म भारत सरकार र त्यहाँको जनताप्रति आभार व्यक्त गर्न चाहन्छु । प्रधानमन्त्री दाहालको भारत भ्रमणकै बेला कुर्था-विजलपुरा यात्रुवाहक रेलसेवा र भारतको बथनाहादेखि नेपालको विराटनगरसम्म मालबाहक कार्गो सेवा सञ्चालनका लागि एकैसाथ उद्घाटन भएको हो । अहिले यो खण्डमा रेलसेवा सञ्चालन भइसक्यो, अब बथनाहा-विराटनगर खण्डको प्रक्रिया सुरु भइसकेको छ । चाँडै कार्गो सेवा पनि सञ्चालन गर्नेछौं", मन्त्री ज्वालाले भन्नुभयो ।

यसअघि न्यारोगेज रेलसेवा सञ्चालन भएको ठाउँमा अब ब्रोडगेज सेवा सुरु भएको भन्दै मन्त्री ज्वालाले यसले यातायात क्षेत्रमा 'ब्रेकथ्रु' को काम गर्ने बताउनुभयो ।

त्यसैगरी नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले दोस्रो चरणमा विजलपुरासम्म रेलसेवा विस्तार गरिएको र जग्गाको मुआब्जा विवाद समाधान भएमा चाँडै तेस्रो चरणमा भङ्गाह विजलपुराबाट बर्दिवाससम्मको रेलवे पूर्वाधार निर्माणको काम सुरु हुने बताउनुभयो ।

कार्यक्रममा भारतीय राजदूतावासका डिसिएम प्रसन्न श्रीवास्तवले नेपालका प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा भएको सम्झौतानुसार रेलसेवा विस्तार भएको र यसले नेपाल-भारतको सम्बन्धलाई थप प्रगाढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

विगत १५ महिनादेखि भारतको जयनगरबाट धनुषाको जनकपुरधाम कुर्थासम्म रेलसेवा सञ्चालनमा थियो । विसं २०७८ चैत १९ गतेदेखि सञ्चालनमा आए पनि सुरुमा एकपटक जनकपुरबाट जयनगर जाने र आउने सेवा दिँदै आएको रेल गत वर्ष मङ्सिरमा विवाहपञ्चमीको बेलादेखि दिनको आउनेजाने गरी चारपटक सेवा दिइरहेको छ ।

आइतबार भङ्गाहसम्म सेवा विस्तार भएसँगै भोलिदेखि थप सेवा विस्तार गरी दैनिक दुवै रेल तीनपटक आउने र जाने सेवा प्रदान गरिने महाप्रबन्धक झाले बताउनुभयो । यद्यपि भङ्गाहा स्टेशनमा दिनको एकपटक मात्र बिहान जाने र साँझ फर्किने गरी सेवा प्रदान गर्ने झाले जानकारी दिनुभयो ।

## बढी पानी पर्ने सम्भावना

काठमाडौं, ३१ असार (रासस) । हाल देशमा मानसुनी वायुको प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

जसका कारण हाल देशभर आंशिकदेखि सामान्य बदली रही, कोशी, बागमती र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको महाशाखाले उल्लेख गरेको छ ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार तुलनात्मकरूपमा आगामी साउन १ गते सोमबार र मङ्गलबार बढी मनसुनी वर्षा हुनेछ । पछिल्ला दिनमा निरन्तर वर्षा भइरहे पनि शनिबारबाट केही मात्रामा कम वर्षा भएको छ ।

"मनसुन शनिबार र आइतबारलाई सामान्य छ । शनिबार र आइतबारको तुलनामा सोमबार र मङ्गलबार बढी वर्षा हुने सम्भावना छ । आइतबार दिउँसोका लागि विगतको तुलनामा कमै वर्षा हुने अनुमान गरिएको छ", उहाँले भन्नुभयो । उहाँको भनाइमा मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा तल रहँदा नेपालमा कम वर्षा हुने सम्भावना छ ।

आइतबार दिउँसो मधेस प्रदेशका थोरै र बाँकी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी, बागमती र गण्डकी प्रदेशका एक-दुई स्थानमा मेघगर्जन र चटचाडसहित भारी वर्षाको समेत सम्भावना छ ।

महाशाखाको पछिल्लो विवरणअनुसार सबैभन्दा बढी पोखरामा एक सय ५५ मिलीमिटर वर्षा मापन गरिएको छ । लुम्लेमा एक सय ३४ मिलीमिटर वर्षा भएको छ । त्यसैगरी ओखलढुङ्गामा ७२, जिरीमा ४२, भैरहवामा ३७, धनगढीमा ३२ र काठमाडौंमा ३४ मिलीमिटर वर्षा मापन गरिएको छ ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५. आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५२३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### बङ्गलादेशमा एघार हजारभन्दा बढी डेङ्गुका बिरामी

ढाका, ३१ असार (रासस/सिन्ह्वा) । बङ्गलादेशमा बङ्गलादेशमा एघार हजारभन्दा बढी डेङ्गुका बिरामी अस्पताल भर्ना भएका छन् । शनिबार अपराह्नसम्म देशमा एघार हजार चार सय ७६ जना बिरामी अस्पताल भर्ना भएका स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ ।

डेङ्गुबाट गत बुधबार र शनिबार एकैदिन सात जनाको मृत्यु भएको छ । एकै दिन भएको मृत्युको यो सङ्ख्या अहिलेसम्मको सबैभन्दा बढी हो । हालसम्म एक सय जनाको मृत्यु भएको छ ।

गत मङ्गलबार सबैभन्दा बढी एक हजार ५४ जना डेङ्गुका नयाँ बिरामी दर्ता भएका तथा थप सात जनाको मृत्यु भएको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ । यो सङ्ख्या यस वर्षको जनवरी यता एकै दिनमा सबैभन्दा धेरै हो ।

हाल डेङ्गु सङ्क्रमितको सङ्ख्या १९ हजार चार सय ५४ पुगेको तथा एक सय जनाले ज्यान गुमाएका महानिर्देशनालयले बताएको छ । यो वर्ष डेङ्गु सङ्क्रमितमध्ये १२ हजार पाँच सय १९ जनाले स्वास्थ्य लाभ गरेका छन् । यो महिनामा मात्रै थप आठ हजार तीन सय १६ जना डेङ्गुका नयाँ सङ्क्रमित फेला परेका तथा ५४ जनाको मृत्यु भएको बताउँदै महानिर्देशनालयले पुगेको लामखुट्टेको टोकाइबाट सर्ने यो रोगबाट बच्न आवश्यक उपाय अपनाउन सर्वसाधारणमा आग्रह गरेको छ ।

### नेता गान्धीद्वारा सर्वोच्चमा पुनरावेदन

नयाँदिल्ली, ३१ असार (रासस/एएनआई) । भारतका वरिष्ठ विपक्षी नेता राहुल गान्धीले आफूमाथि लगाइएको मानहानी मुद्दाबाट अन्याय भएको जिकिर गर्दै सर्वोच्च अदालतमा पुनरावेदन गर्नुभएको छ । सन् २०१९ मा कर्णाटकमा भएको एउटा चुनावी सभामा मोदी थरलाई लिएर नेता गान्धीले दिएको अभिव्यक्तिबाट आफूहरूको अपमान भएको भन्दै गुजरातका पूर्वमन्त्री पूर्णेश मोदीले उहाँविरुद्ध दायर गरेको मुद्दामा नेता गान्धीलाई गुजरातको अदालतले दोषी ठहर गरेको थियो ।

गुजरातस्थित अदालतको उक्त निर्णयसँगै नेता गान्धीको संसद् पद खारेज भएको थियो । उहाँले उक्त आदेशविरुद्ध गुजरात उच्च अदालतमा गर्नुभएको पुनरावेदन पनि सदर भएपछि उहाँ सर्वोच्च न्यायालयको ढोका ढकढक्याउन पुग्नुभएको हो ।

### कोरियामा भीषण बाढी, तेत्तीस जनाको मृत्यु

सोल, ३१ असार (रासस/सिन्ह्वा) । दक्षिण कोरियामा गत साताको भारी वर्षा र बाढीका कारण ३३ जनाको मृत्यु भएको छभने अन्य १० जना बेपत्ता भएका छन् । सरकारी अधिकारीका अनुसार उत्तरी ग्याङवङ प्रान्त र मध्यचुङचेङ प्रान्तमा उनीहरूको मृत्यु भएको हो । पछिल्ला दिनमा लगातार परेको वर्षाले देशभरका अधिकांश भू-भाग डुबानमा परेका छन् । गत साता ५०० मिलिमिटरभन्दा बढी वर्षा भएको अभिलेख गरिएका प्रदेशमा भारी वर्षाको चेतावनी जारी गरिएको थियो ।

उत्तरी ग्योङसाङ प्रान्तमा दश जना बेपत्ता छन् । बाढी, घर भत्किँदा र पहिरोमा परेर मुलुकभर ज्यान गुमाउनेको सङ्ख्या बढेको छ । मध्य शहर ओसोङमा बाढीले बगाएको भूमिगत सुरुङमा फसेका सवारीसाधनबाट शनिबार राति सातवटा शव निकालिएको थियो । अविरल वर्षाबाट प्रभावित १३ वटा शहरका सात हजार आठ सय ६६ जनालाई विस्थापित भएका छन् । सार्वजनिक सुविधाहरूको क्षतिको सङ्ख्या एक सय ४९ पुगेको छ । सडक भत्किएका छन्भने सवारी साधन बगेका छन् जतातत्तै बाढीको विनाशमात्र दृष्टिगोचर हुन्छ ।

### 'रुससँग पर्याप्त विष्फोटक पदार्थ छ'

मस्को, ३१ असार (रासस/एएफपी) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले आइतवार प्रकाशित एक अन्तर्वार्तामा युक्रेनले 'क्लस्टर बम'जस्ता हतियार प्रयोग गर्ने हो भने जवाफ दिन आफ्नो देशसँग पनि पर्याप्त त्यस्ता हतियार रहेका बताउनुभएको छ । युक्रेनले संयुक्त राज्य अमेरिकाबाट क्लस्टर हतियार प्राप्त गर्न थालेको सन्दर्भमा तत्क्षण विस्फोट हुन नसक्ने क्लस्टर बमले नागरिकहरूमा निम्त्याउने दीर्घकालीन जोखिमप्रति सर्वत्र र चिन्ता चासो व्यक्त भएको छ । अमेरिकाले निर्यात गरेका विवादास्पद हतियारहरू लामो समयसम्म विस्फोट नभइ त्यसै रहने हुँदा त्यो जनसाधारणका निम्ति गमभीर जोखिम हो ।

"रसियासँग विभिन्न प्रकारका क्लस्टर हतियारको पर्याप्त भण्डार छ," राष्ट्रपति पुटिनले एक सरकारी टेलिभिजनका पत्रकारलाई भन्नुभएको छ । उहाँले भन्नुभयो "यदि क्लस्टर बम हाम्राविरुद्ध प्रयोग भएमा त्यसको बदलामा हामी पनि जवाफ दिन सक्छौं, त्यो हाम्रो अधिकार हो, देशलाई त्यस्ता हतियार आवश्यक परे पनि अहिलेसम्म हामीले त्यसको प्रयोग गरेका छैनौं ।"

रुसले युद्ध मैदानमा क्लस्टर हतियार प्रयोग गरेको आरोप ह्युमन राइट्स वाच र युक्रेनी सेनाले लगाएका छन् । क्लस्टर हतियारमाथि धेरै देशले प्रतिबन्ध लगाएका छन् । विशेष गरी युरोपमा त्यो अवैधानिक मानिन्छ । ओस्लो महासन्धिअनुसार पनि त्यसको प्रयोग गैरकानुनी हो । तर दुःखको कुरा रुस,अमेरिका र युक्रेन उक्त महासन्धिका पक्षराष्ट्र होइनन् । यसैबीच, मानवतावादी संस्थाहरूले क्लस्टर हतियारको प्रयोगका निन्दा गरेका छन् । उनीहरूले युक्रेनलाई त्यस्ता हतियार उपलब्ध गराउने अमेरिकी निर्णयको पनि भर्त्सना गरेका छन् । यद्यपि अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेनलाई त्यस्ता हतियार उपलब्ध गराउने कठिन निर्णय आफूबाट भएको बताउनुभएको छ । युक्रेनको रित्तिएको गोलाबारुद भण्डारलाई भरथेगका निम्ति अप्रिय निर्णय गर्नुपरेको उहाँले सार्वजनिक रुपमा भन्दै आउनुभएको छ ।

# सप्तरीमा भारु नोटको मुल्य घट्यो कम मुल्यमा साटिँदै नोट




**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

सप्तरीमा अहिले भारतीय रुँपैयाको मुल्य घटेको छ । कम मुल्यमा भारतीय नोट साटिँदै छ । नेपाली बजारमा १ रुँपैया भारतीय नोटको मुल्य १ रुँपैया ६० पैसा हुनआउछ । तर, अहिले सप्तरीमा १ रुँपैया भारतीय नोटको मुल्य १ रुँपैया ५० पैसा रहेको छ । त्यो पनि हतपत पाइदैन् ।

केही दिन यता भारतीय नोट राखेका सर्वसाधारणलाई यही कारणले समस्या भएको छ । विगतमा सहजै साटिने भारतीय रुँपैया अहिले स्थानिय बजारमा व्यापारीहरुले लिन मान्दैनन् ।

केही व्यापारी भारतीय नोट स्वीकार गर्न तयार भएपनि १० देखी २० प्रतिशतसम्म घटाएर लिने गरेको पीडितहरुले गुनासो पोखेका छन् ।

एक स्थानियले राजविराज बजारमा ५ सयको भारु नोट नसाटिदा बाध्य भई ७ सय नेपाली रुँपैयामा साटिनु परेको बताए । जबकी ५ सय भारतीय रुँपैयाको नेपाली मोल ८ सय रुँपैया हुन्छ । भारतको पटनाबाट घर फर्किएका राजविराज ७ का रुपेश साहले आफूसँग भएको १५ हजार भारुलाई नेरु बनाउन एक व्यवसायीलाई ८ सय रुँपैया अतिरिक्त शुल्क (बट्टा) तिर्नु परेको दुखेसो पोख ।

यस्तो समस्या अहिले सबैको साझा बनेको छ । राजविराज ६ का सुखराम मंडलले आफूसँग ५ सय दरका रहेका ५ हजार भारतीय रुँपैया साट्न नगरका सबै बैंक पुगेपनि कसैले साट्न नमानेको गुनासो गरे ।

"भारतीय सरकारले २ हजार दरका नोटमाथी प्रतिबन्ध लगाएको सुनेको छु, उनले भने, तर यहाँ त सय, दुई सय, पाँच सय दरका नोट पनि कारोबार हुन बन्द गरिनु बुझि नसक्नु भएको छ ।"

राष्ट्रिय बाणिज्य बैंकका एक कर्मचारीले कुनै बेला भारु नोट माग्नेको भिड थेगिनसक्ने रहेको थियो तर अहिले भारु साटेर नेपाली रुँपैया लिन आउनेको भिड लाग्ने गरेको बताए ।

हिजोआज सय, पाँच सयको भारतीय नोट साटिदिन सर्वसाधारणबाट निकै दबाब र आग्रह आउन थालेको भएपनि अहिले भारतीय नोट सटही काउन्टर बन्द गरिएकाले सो सेवा प्रदान गर्न नसकिएको उनको भनाई थियो ।

विगतमा अवैध कारोबारीले सयकडा ७ देखी ९ रुँपैया बट्टा लिएर भारु नोट दिने गरेकोमा अहिले सोही अनुपातमा बट्टा लिई भारतीय नोट लिएर नेपाली नोट दिने गरेको समेत सर्वसाधारणले गुनासो गरेका छन् ।

## ५० देशका प्रतिनिधीको सहभागितामा यौन प्रजनन् अधिकार कार्यक्रमको आयोजना हुने

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

नेपालमा पहिलो पटक यौन र प्रजनन स्वास्थ्य अधिकार बारे अन्तराष्ट्रिय स्तरको कार्यक्रम आयोजना हुने भएको छ ।

नेपाल मेडिकल स्टुडेन्ट सोसाइटी (एन.एम.एस.एस.) को आयोजनामा भदौ ३० देखी असोज ३ गते सम्म धुलीखेलमा कार्यक्रमको आयोजना हुने भएको छ ।

५० देशको सहभागिता सहित आईएफ एम एस ए एशिया प्रशान्त यौन र प्रजनन स्वास्थ्य अधिकार (एस.आर.एच.आर.) समर स्कूल आयोजना हुने आयोजक नेपाल मेडिकल स्टुडेन्ट सोसाईटका अध्यक्ष डा.नविन गौतमले जानकारी दिएका छन् ।

उक्त समर स्कुलले ५० देशबाट आएका प्रतिनीधीहरुलाई एस आर एच आर र त्यसका विभिन्न क्षेत्रहरुको बारेमा जानकारी अदान प्रदान गर्ने




डा.गौतमको भनाई छ । समर स्कुलले प्रजनन स्वास्थ्य, लैङ्गिक समानता र मानवीय अधिकारको विविध पक्षबारे समेत प्रकाश पार्ने जनाइएको छ ।

कार्यक्रममा प्रतिनीधीहरु व्याख्यान, कार्यशाला, र नेटवर्किङ्ग कार्यक्रममा पनि सहभागी हुने छन् । उनीहरु स्थानीय स्वास्थ्य संस्थाको भ्रमण तथा नेपालमा एस आर एच आरको चुनौती र सम्भावनाहरुका बारे समेत जान्ने अवसर पाउने छन् । यो समर स्कुलले चिकित्सा छात्रहरुलाई एस आर एच आरको बारेमा सिकाउने र विश्वभरका छात्रछात्राहरुसंग नेटवर्किङ्ग गर्ने अवसर प्राप्त गर्ने छन् । यसले नेपालमा एस आर एच आरको प्रगतिका लागी निकै मदत पुग्ने विश्वास गरिएको डा.गौतमले बताए ।

कार्यक्रम भव्य र सभ्य रुपमा सम्पन्न गर्न आवश्यक तयारी शुरु गरिएको कार्यक्रम संयोजक डा.ऋचाश्री ढुंगानाले जानकारी दिए ।

## मिटरब्याजसम्बन्धी नयाँ विधेयक तत्काल ल्याउन एमालेको माग

काठमाडौं, ३१ असार (रासस) ।

नेकपा (एमाले)ले अनुचित लेनदेन (मिटरब्याज)सम्बन्धी कसुरलाई दण्डनीय बनाउन अविलम्ब नयाँ विधेयक ल्याउन तत्काल सरकारसँग माग गरेको छ ।

ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा शनिबार बसेको सचिवालय बैठकले सरकारकै कारण 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक' प्रतिस्थापन विधेयक निस्क्रिय भइसकेको अवस्थामा अविलम्ब नयाँ विधेयक ल्याउन माग गरेको हो ।

बैठकपछि आयोजित पत्रकार सम्मेलनमा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले सरकार आफैँले विधेयक प्रस्तुत गर्न ढिलाइ गर्ने, सदन सञ्चालन गर्न आवश्यक पहल नगर्ने, विधेयकबारे सत्ता घटकभित्रै गम्भीर विवादले गर्दा विधेयकमाथि प्रतिनिधिसभामा छलफल हुन नसकेर निस्क्रिय भएको टिप्पणी गर्नुभयो । यस्तै बैठकले पार्टीको बागमती प्रदेश कमिटीको इन्चार्जको जिम्मेवारी स्थायी कमिटी सदस्य गुरु बरालालाई दिने निर्णय गरेको छ ।

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

**सुशासन कायम गरौं**
- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रकियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*